# नेपाल विपद् व्यवस्थापन घोषणापत्र

विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनमा स्थानिय तहको क्षमता अभिवृद्धि प्रशिक्षण कार्यक्रममा आज मिति २०७९ साल भाद्र महिनाको ९ गतेको दिन हाम्रो गरुडा। नगरपालिका।

पालिकाले आफ्नो क्षेत्र भित्र विपद्बाट हुन सक्ने जोखिमलाई न्युनिकरण गर्दै आफनो समुदायको अमुल्य जन-जीवन, धनसम्पत्ति तथा सार्वजनिक सम्पतिको संरक्षण गर्न मानवीय सिद्धान्त, लैङ्गिक समानता र सामाजिक समावेशीतालाई समेत आत्मसात गर्दै तत्काल विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनका लागि निम्न कार्यहरु गर्न प्रतिबद्ध भई १० बुदें नेपाल विपद् व्यवस्थापन घोषणापत्र जारी गरेका छौं ।

**स्थानीय तहमा नीति नियमको तयारी**

१. स्थानीय तहमा विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐनको व्यवस्था / कार्यान्वयन गर्नेछौं ।

२. स्थानीय विपद् व्यवस्थापन कोषको स्थापना, कोष संचालन कार्यविधि तयार तथा राहत मापदण्ड वनाएर कोष संचालनलाई यथोचित रुपमा प्रयोग गर्नेछौं ।

३. स्थानीय आपतकालीन संचार केन्द्रको स्थापना तथा संचार केन्द्र कार्यविधि तयार/कार्यान्वयन गर्नेछौं ।

४. स्थानीय विपद् तथा जलवायु उत्थानशील योजना तर्जुमाको तयार/कार्यान्वयन तथा अध्यावधिक गर्नेछौं र स्थानीय तथा वडा स्तरीय विपद् व्यवस्थापन समिति क्रियाशिल गरी नियमित बैठक गर्नेछौं ।

५. विपद् पुर्वतयारी तथा प्रतिकार्य योजनाको तयार/कार्यान्वयन तथा अध्यावधिक गर्नेछौं ।

**विपद् व्यवस्थापनलाई विकास योजनामा मुलप्रवाहिकरण**

६. स्थानीय विपद् तथा जलवायु उत्थानशील योजनामा उल्लेखित विपद् व्यवस्थापनका क्रियाकलापहरुलाई समावेशी प्रकियावाट वडा हुदै पालिका स्तरीय विकास योजनाको प्रक्रियामा मुलप्रवाहीकरण गर्नेछौं ।

७. विपद् व्यवस्थापन सम्पर्क व्यक्ति तोकेर निजलाई विपद् व्यवस्थापनसँग सम्वन्धित विषयबस्तुमा समन्वय र सहकार्यको लागि परिचालन गर्नेछौं ।

८.आपतकालीन खोज तथा उद्धार र राहत सामाग्रीहरुको पालिका हुदै वडातह सम्मै उचित व्यवस्थापन, भण्डारण र बेलाबखतमा सामाग्रीहरुको अध्यावधिक गर्नेछौं ।

९. स्थानीय स्तरमा जोखिम क्षेत्रको नक्सांकन, निकास मार्ग पहिचान र नक्सांकन, खुला क्षेत्रको पहिचान र संरक्षण गर्नेछौं ।

१० विपदको क्षेत्रमा अनुभव र सीप भएका जनशक्तिको (खोज तथा उद्धार, विपद् व्यवस्थापन, प्राथमिक उपचार, मनोसामाजिक परामर्श, स्वयंसेवक र अन्य कुनै विषय) क्षमता अभिवृद्धि, पुर्नताजगी तालिम, सम्पर्क सुची तयारी तथा अध्यावधिक गरी विपदको समयमा परिचालन गर्नेछौं ।